म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २६० २०८० साउन ३० गते मंगलबार 15 August 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

### सत्तारुढ गठबन्धनको निष्कर्ष

# सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन आवश्यक छैन

काठमाडौंः सत्तारुढ राजनीतिक दलहरुले सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति आवश्यक नभएको निष्कर्ष निकालेका छन् । सोमबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकले नेकपा एमालेले उच्चस्तरीय छानबिन समिति माग्नु अनुसन्धानलाई अझै लम्ब्याउनु रहेको निष्कर्ष निकालेको एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले जानकारी दिए ।

'उच्चस्तरीय आयोग आवश्यक छ कि छैन भन्ने विषयमा छलफल भयो । वास्तवमा उच्चस्तरीय आयोग माग्नु भनेको भइरहेको अनुसन्धानलाई डाइल्युट गर्नु भन्ने हाम्रो कुरा रह्यो' उनले भने । त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट बाहिरिएको सुन प्रहरीले २ साउनमा र ाजस्व अनुसन्धान विभागले काठमाडौंको सिनामंगलबाट पक्राउ गरेको थियो । स्कुटर को ब्रेक सुमा लुकाएर ल्याएको प्रकरणमा नेकपा एमालेले गृहमन्त्री र अर्थमन्त्रीमाथि पनि प्रश्न उठाएर उच्चस्तरीय छानबिन समिति गठनको माग गरेको थियो । यही माग राखेर एमालेले १० साउनदेखि संसद बैठक अवरोध गर्दै आएको छ ।

संसदको अवरोध खोल्ने विषयमा छलफलमा जुटेका सत्तारुढ दलहरु एमालेको माग पूरा गर्न नसक्ने निष्कर्षमा पुगेका हुन् । बैठकमा प्रधानमन्त्री प्रचण्डले ललिता निवासदेखि सुनकाण्डसम्मका छानबिनमा सरकारले कुनै राजनीतिक नियत नराखी स्वतन्त्र अनुसन्धानलाई अघि बढाएको भन्दै सहयोग मागेका थिए । उनले बैठकमा भनेका थिए, 'छानबिन गर्दा जुनसुकै दलका जोसुकै पर्न सक्छन्, मेरै पार्टीका पनि । त्यसैले नियतमा प्रश्न नगरी अनुसन्धानलाई सघाउन गठबन्धनले लागोस् ।'

एकीकृत समाजवादीका उपाध्यक्ष पाण्डेका अनुसार बैठकमा यसअघि विद्युतीय चुरोट (भेप) मा लुकाएर भएको सुन तस्करी प्रकरणमा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा जोडिएको विषयमा पनि छलफल भएको थियो । गठबन्धनका नेताहरुले जिज्ञासा राखेपछि उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले यस विषयमा छानबिन भइरहेको र निष्कर्षमा नपुगेको बताएका थिए ।

'गृहमन्त्रीले छानबिनको प्रक्रिया अगाडि बढिरहेको छ, टुंगिएको छैन । एक हदसम्म अनुसन्धान भएपछि बाहिर आउँछ भन्नुभयो' पाण्डेले भने । सुन तस्करीमा संलग्न भनिएका चिनियाँ नागरिकसँग महरा र उनका छोरा राहुलको पटक पटक टेलिफोन कुराकानी भएको देखिएको सीआईबीले प्रतिवेदनमा उल्लेख गरेको थियो । प्रधानमन्त्री प्रचण्डले आफू जोकसैलाई नछाड्ने, तर प्रमाणले पुष्टि नहुने कुरामा हात हालेर 'ब्याकफायर' हुन नचाहेको कुरा बैठकमा राखेका एक सहभागीले बताए ।

बैठकमा गौर हत्याकाण्डको विषयमा पनि छलफल भएको थियो । सरकारले हालै गौर हत्याकाण्डका पीडित संघर्ष समितिसँग गरेको सम्झौताप्रति जनता समाजवादी पार्टीका नेताहरुले आपत्ति जनाएका छन् । बैठकमा सहभागी एक नेताका अनुसार जसपा नेता राजेन्द्र श्रेष्ठले गौरकाण्ड भनेर विनाप्रसंग नेताहरुको नाम जोडिएको भन्दै आपत्ति जनाएका थिए । उनले त्यस घटनामा माओवादीतर्फको नेतृत्व स्वयं प्रभु साहले गरेको भन्दै अहिले सान्दर्भिकता नै नभएको विषयमा सरकारले हात हाल्नु उचित नहुने तर्क गरेका थिए । जसपा अध्यक्ष उपेन्द्र यादव भने जनकपुरमा रहेका कारण अनुपस्थित थिए ।

सत्ता गठबन्धनको बैठकमा ललिता निवास जग्गा प्रकरणमा अदालतको आदेशको विषयमा पनि छलफल भएको थियो । हालै सर्वोच्च अदालतले ललिता निवास जग्गा प्रकरणमा मन्त्रिपरिषदको निर्णय र त्यसमा संलग्न पिरामिडको माथिल्लो तहसम्म अनुसन्धान गर्न आदेश

...बाँकी पृष्ठ ३ मा

# शिक्षा विधेयकमा विव्यस महासंघको ५ बुँदे सुझाव



*मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईलाई ज्ञापनपत्र बुझाउँदै ।*

समाज संवाददाता

हेटौँडाः प्रतिनिधिसभामा पेश भएको विद्यालय शिक्षा विधेयकमा सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघले ध्यानाकर्षण भएको जनाएको छ । महासंघले देशव्यापीरुपमा प्रमुख जिल्ला अधिकारी र शिक्षा विकास तथा समन्वय इकाईका प्रमुखमार्फत संघीय सरकारको शिक्षामन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै आफ्नो तर्फबाट ५ बुँदे सुझाव पेश गरेको छ ।

महासंघका सचिव मोहमद समीमको नेतृत्वमा एक समूहले सोमबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई र शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमलाई ज्ञापनपत्र बुझाएको छ । सरोकारवालासँग छलफल र परामर्श बिना नै विधेयकको मस्यौदा तयार पारिएको भन्दै महासंघले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ । विधेयकको मस्यौदामा विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था त्रुटीपूर्ण रहेको, विद्यालय संचालन र व्यवस्थापनमा अभिभावकको कुनै पनि सहभागिता, संलग्नता र भूमिका नरहने बुझिएको उल्लेख गर्दै विद्यालय व्यवस्थापन समिति महासंघको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

विधेयकको मस्यौदामा वडा अध्यक्षलाई विद्यालय व्यवस्थापन समितको नेतृत्व दिने व्यवस्थाले सामुदायिक विद्यालयको मर्म माथि प्रहार भएको, विद्यालय सञ्चालन र व्यवस्थापनमा अभिभावक तथा सामुदायको सहभागिताको अधिकार माथि हस्तक्षेप भएको, सामुदायिक विद्यालय अभिभावक, समुदायको हातबाट खोस्ने प्रयास भएको र समग्र सार्वजनिक शिक्षा प्रणालीलाई नै कमजोर बनाउने देखिएको सचिव समीमले बताउनुभयो ।

महासंघले विद्यालय व्यवस्थापन समितिको नेतृत्वमा अभिभावक नै हुनुपर्ने, अभिभावक भेलामार्फत विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्ने, जनप्रतिनिधि र प्रधानाध्यापकको जस्तै विद्यालय व्यवस्थापन समितिको पदावधी पाँच वर्ष कायम गरिनुपर्ने माग गरेको छ । खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनौट गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णायक सहभागिता रहने व्यवस्था गर्न पनि माग गरिएको छ । सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघको भूमिकालाई संघीय शिक्षा ऐनमा व्यवस्था गर्न पनि भनिएको छ ।

# ४ जनामा डेंगु पुष्टि

समाज संवाददाता

**हेटौँडाः मकवानपुरमा पछिलो २४ घण्टामा ४ जनामा डेंगु पुष्टि भएको छ । डेंगु पुष्टि हुनेमा ३ जना हेटौँडा उपमहानगरपालिका रहेका छन् भने एक जना भीमफेदी गाउँपालिकाका रहेका छन् ।**

**मकवानपुरमा साउन १ देखि सोमबार सम्म १ सय १९ जनामा डेंगु देखिएको छ । जसमध्ये हेटौँडाका मात्र ७३ जना रहेका छन् । हेटौँडा उपमहानगरपालिकाभित्र साउन महिनामा ४१ पुरुष र ३२ महिलामा डेंगु देखिएको स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो ।**

**यस्तै, हेटौँडा अस्पतालमा पछिलो २४ घण्टामा ९९ जनाले डेंगु जाँच गराएका छन् । डेंगु जाँच गराएका ९९ जनामध्ये ४ जनामा डेंगु देखिएको हो । अस्पतालमा ४ जना पुरुषमा डेंगु संक्रमण पुष्टि भएको हेटौँडा अस्पतालका प्रयोगशाला प्राविधिक राजकुमार शर्माले बताउनुभयो ।**

# जङ्गली जनावरका कारण जमिन बाँझो राख्न बाध्य किसान



*जंगली जनावरका कारण खेत, बारी बाँझो राख्न बाध्य किसानहरु ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकामा जङ्गली जनावरका कारण किसानहरुले जमिन बाँझो राख्न बाध्य छन् । मकवानपुरगढी-२, ३, ४ र ६ नम्बर वडाका धेरै जसो किसानहरुले जग्गा जमिन बाँझो राख्न बाध्य छन् । गत शनिबार मकवानपुरगढी गाउँपालिका-४ स्थित वाईबाडाँडा टोल विकास र कृषकबीच बाँझो जग्गा, जमिनमा बाली लगाउने विषयमा गरिएको छलफल भएको थियो । छलफलको क्रममा अधिकांश कृषकहरुको जग्गाजमिन बाँझो रहेको पाइएको मकवानपुरगढी गाउँपालिकाका कृषि प्राविधिक चन्द्रकान्त चौधरीले जानकारी दिनुभयो ।

जग्गाजमिनमा बाली लगाई उत्पादन लिन किसान तयार छन् । तर बाली उत्पादनमा मुख्य बाधक जङ्गली जनावर रहेको किसानको भनाइ छ । जंगली जनावरले दुख दिएकै कारण किसानले खाद्यान्नबालीलाई छाडेर विभिन्न प्रजातिका रुख विरुवाहरु लगाएका छन् । जसमा धेरै सालको बिरुवाहरु रहेका छन् । कृषि प्राविधिक चौधरीले भन्नुभयो, "अहिले त्यही वन ठूलो समस्याको रूपमा रहेको र कानुनी रुपमा बोटबिरुवा तथा रुखहरु काट्न मिल्दैन । जसले गर्दा जङ्गली जनावरहरु मृग, बँदेल, दुम्सी, बाँदरहरु किसानले लगाएको बालीलाई क्षति पुऱ्याउने क्रम बढेको बताउनुभयो ।

तल्लो कालीखोला सक्रिय कृषक संघका अध्यक्ष मल्ली गोलेले भन्नुभयो, "बाली लगायो उम्रिन्छ, बढ्न नपाउँदै मृगले खाईदिन्छ । हेरचाह गरेर हुर्काइयो दाना लाग्छ बाँदरले खाईदिन्छ । बाली लगाउने बेलामा खर्च गऱ्यो, लागत समेत उठ्दैन । अनि कसरी खेती लगाउने ? त्यही भएर बाध्यताले खेतीयोग्य जग्गाहरु बाँझो राख्न विवश छौं ।"

यसैगरी कृषक सपना स्याङ्तानले रुख बिरुवाहरु काटेर हटाउन दिएको खण्डमा आफ्नो निजी जग्गाको रुख बिरुवा हटाएर खाद्यान्न बाली लगाउने बताउनुभयो । जसले गर्दा जङ्गली जनावर कम आउने उहाँको भनाइ छ । कृषि प्राविधिक चौधरीका अनुसार किसानहरुको समस्या समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण समेत गराइरहेको छ । निर्धक्क साथ बाली लगाई उत्पादन लिन सक्ने वातावरण निर्माणका लागि पालिकासँग पनि छलफल भइरहेको उहाँले बताउनुभयो । वास्तविक किसानहरु अझै आफ्ना जग्गा, जमिनमा खाद्यान्न बाली लगाउन चाहान्छन् । तर कतिपयले जग्गा, जमिन किनेर यतिकै छाड्ने गर्दा खेतीपाती गर्न समस्या भइरहेको छ । खेती योग्य जमिन केकति बाँझो छ ? किन बाँझो छ ? भन्ने अध्ययन गरेर पालिकाले आवश्यक नीति बनाएर बाँझो राखिने खेतीयोग्य जमिनको बढी कर लिने योजना बनाउन लागेको समेत बताउनुभयो ।



# सम्पादकीय

## धर्नामा पनि अवरोध

शान्तिपूर्णरुपमा विरोध प्रदर्शन गर्न पाउनु सामान्य प्रजातान्त्रिक अधिकार हो । नेपाली नागरिकले आफूलाई चित्त नबुझेका विषयवस्तुबारे शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने अधिकार संविधानमै ग्यारेन्टी गरिएको छ । लोकतन्त्रको दुहाइ दिनेहरु नै लोकतान्त्रिक शासन व्यवस्थाको सामान्य मान्यताहरुसमेत भुलेर संविधानकै धज्जी उडाउन अग्रसर हुनुले लोकतान्त्रिक संस्कृतिको जगेर्ना हुँदैन । शान्तिपूर्णरुपमा आफ्नो विमति राख्ने क्रममा ध्यानाकर्षण गराउनु, नारा लगाउनु, विरोध प्रदर्शन गर्नु, र्‍याली/जुलुश निकाल्नु, धर्ना दिनु सामान्य लोकतान्त्रिक संस्कृति हो । संयुक्त राष्ट्रसंघको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ धारा २०, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा २१ र नेपालको संविधानको धारा १७ ले बिनाहातहतियार शान्तिपूर्वक भेला हुने तथा विचार तथा अभिव्यक्ति राख्न पाउने स्वतन्त्रताको सुनिश्चितता गरेकाले त्यसको सम्मान गर्नु सरकारको दायित्व हुन्छ । आफूलाई गलत लागेको कुरामा विरोध गर्न गरिएका शान्तिपूर्ण कार्यक्रमहरुमा सरकारी पक्षबाट अवरोध हुने गरेका छन् ।

आइतबार हेटौंडामा शान्तिपूर्ण विरोध प्रदर्शनको क्रममा अवरोध भएको छ । नेपाल शिक्षक महासंघको केन्द्रीय समितिको आह्वानमा देशव्यापी ७ सय ५३ वटै स्थानीय तहमा दुई घण्टा धर्ना दिने कार्यक्रमअन्तर्गत् हेटौंडा उपमहानगरपालिकाको कार्यालय परिसरमा धर्ना दिन शिक्षकहरु पुगे । पानी परिरहेका कारण शिक्षकहरु मुल गेटबाहिर धर्ना बस्न असहज भएकाले शान्तिपूर्ण धर्नाको लागि उपमहानगरपालिका कार्यालयको भित्री गेटबाहिर बसेका थिए । गेटबाहिर धर्नामा बसेका शिक्षकलाई नगर प्रहरीले अवरोध गरेको थियो । संघीय सरकारले संसदमा पेश गर्न मन्त्रिपरिषद्बाट पारित गरेको विद्यालय शिक्षा विधेयकमा सुधारका लागि दबावस्वरुप देशभरका पालिकामा धर्ना दिने क्रममा हेटौंडा उपमहानगरपालिका परिसरमा पुगेका शिक्षकलाई नगर प्रहरीले अवरोध गरेका हुन् । उपमहानगरपालिका परिसरमा पुगेर धर्ना बस्दै गरेका शिक्षकलाई नगरपालिका परिसरबाहिर जान भन्दै नगर प्रहरीले शिक्षकले बोकेको व्यानरसमेत खोसेका थिए ।

महासंघको अगुवाइमा शान्तिपूर्ण धर्ना दिन गएका शिक्षकको व्यानर समेत खोसेर शिक्षकहरुलाई जबर्जस्ती धेकेल्न थालेपछि शिक्षकहरुले नाराबाजी गरेका थिए । शिक्षकको नाराबाजीपछि नगर प्रहरी केही हच्किएका थिए । प्रस्तावित शिक्षा विधेयकमा भएका कमीकमजोरीका विषयमा स्थानीय पालिकामार्फत् संघीय सरकारलाई ध्यानाकर्षण गराउने कार्यक्रमअन्तर्गत् उपमहानगरपालिकामा धर्ना दिन पुगेर पानी परिरहेको समयमा नगरपालिकामा ओत लागेर बसेका शिक्षकलाई नगरप्रहरीले नगरपालिका परिसरभन्दा बाहिर जान भन्दै जबर्जस्ती गर्न खोजेको थियो । देशको कानुन बनाउने प्रतिनिधिसभालाई लामो समयदेखि चल्न नदिएर अवरोध भइरहेको छ । डेढ महिनादेखि बागमती प्रदेशसभा अधिवेशन बस्न सकेको छैन । तर, २ घण्टाका लागि धर्ना बस्न गएका शिक्षकलाई हेटौंडा उपमहानगरपालिका नेतृत्वले अवरोध गर्न खोज्दा आलोचना भइरहेको छ ।

संघीयताको पूर्ण अभ्यास सुरु भएको ७ वर्षसम्म पनि संघीय शिक्षा ऐन बन्न नसक्दा देशको सार्वजनिक शिक्षा अस्तव्यस्त बनिरहेको छ । बल्लबल्ल सरकारले ल्याउन लागेको विधेयकको चौतर्फी बिरोध भइरहको अवस्थामा सर्वस्वीकार्य ऐन चाँडै ल्याउन स्थानीय सरकारले पनि दवाव दिनु आवश्यक छ । माध्यमिक तहको शिक्षाको अधिकार पाएको स्थानीय तहले संघीय शिक्षा ऐनको अभावमा आफ्ना अधिकारको उपयोग गर्न पाएको छैन । युग सुहाउँदो संघीय शिक्षा ऐन समयमा नआउँदासम्म मुलुकको शिक्षा क्षेत्र स्पष्टरुपमा अघि बढ्न नसक्ने भएकाले उपयुक्त संघीय शिक्षा ऐन स्थानीय तहको पनि आवश्यकता बनेको छ । गाउँपालिका महासंघले प्रस्तावित शिक्षा विधेयकले स्थानीय सरकारको अधिकार खोस्न लागेको भन्दै विरोध गरिरहेको अवस्थामा हेटौंडा उपमहानगरपालिकाले पनि शिक्षकको शान्तिपूर्ण धर्नामा अवरोध गर्नु हुँदैनथ्यो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : अवसरबाट लाभ प्राप्त हुने समय छ । |
| **वृष** | : सरकारी र राज्य पक्षबाट लाभ प्राप्त होला । |
| **मिथुन** | : कर्मसिद्धि र प्रयासले कामहरु सार्थक होलान् । |
| **कर्कट** | : वित्तीय क्षेत्र र पद, प्रतिष्ठामा वृद्धि हुनेछ । |
| **सिंह** | : जोखिम र संकटको समय योग देखिन्छ । |
| **कन्या** | : पेसा र व्यवसायमा असजिलो बन्ने समय छ । |
| **तुला** | : कीर्ति र प्रतिष्ठामा बढावा हुने समय योग छ । |
| **वृश्चिक** | : शिक्षा क्षेत्रबाट लाभ प्राप्त हुने समय योग छ । |
| **धनु** | : निर्णयात्मक क्रममा ध्यान नजाने योग छ । |
| **मकर** | : सामाजिक काममा सरिक भइने समय योग छ । |
| **कुम्भ** | : रोकिएका कामहरु प्रयासले सम्पन्न होलान् । |
| **मीन** | : थोरै प्रयासले रोकिएका कामहरु बन्ने योग छ । |

# मानिसलाई मानिस केले बनाउँछ ?



**✍रामजी न्यौपाने**

धेरैपटक गाडीमा यात्रा गर्दा कहिँ सडकमा सुतिरहेको कुकुर जुरुक्क उठेर सर्लक्क बाटो छोडेको भेटेको छु । कहिँ सडक पार गर्ने सुर कस्न लागेका बाख्राका पाठा गाडी आएको चाल पाएर सरक्क आफु भएकै तर्फ फर्केका देखेको छु, कहिँ बीचको लाइनमा टक्क उभिएर गाडीलाई पास दिन पर्खेका जनावर पनि देखेको छु । तर धेरैपटक मान्छे भन्ने प्राणी सडकमा लमतन्न जीउ छोडेर पल्टिरहेको भेटेको छु । कहिँ हल्लिँदै आफ्नै तालसुरमा बाटोमा वल्लो पाखो र पल्लो पाखो गरी हिँडिरहेको देखेको छु । मानौं पूरा धर्ती उसकै हो ! उसलाई गाडीहरुको आवाज र संकेतको कुनै वास्ता हुँदैन । अनि सोँच्छु, मानिसलाई मानिस किन भनुँ म ? मानिसलाई मानिस केले बनाउँछ हँ ? सम्पूर्ण धर्तीलाई आफ्नै झैं गरी ओगट्ने मान्छेलाई 'पशु' र ती पशु जसले मानवोचित व्यवहार गरे उनीहरुलाई 'मानिस' किन नभनुँ म ?

एकपटक भारतको कुनै प्रान्तको रेलवे स्टेशनमा विद्युतीय तारमा परेर वेहोस भएको आफ्नो साथी बाँदरलाई अर्को बाँदर साथीले नालीको पानीमा चोबल्दै झक्झक्याएको भिडियो सार्वजनिक भएको थियो । र केहीबेरमा 'विद्युतीय शक'भएको बाँदर बिउँतेको थियो । जिउँदा हात्तिहरुले मरेको हात्ति लिएर अर्को ठाउँतिर लावालस्करमा हिँडेका पनि देखिएको हो । घरपालुवा जनावरहरुले त मानवोचित गुण र व्यवहार देखाएका घटनाहरु अझ प्रशस्तै देख्न सुन्नमा आएकै हुन् । कुकुरत झन् मानिसको सेवक र सुरक्षाकवच भई नै हाल्यो । आफ्नो मालिक विरामी भई अस्पताल भर्ना हुँदा अस्पतालमै गएको र मालिकको मृत्यु हुँदा धेरै दिनसम्म खाना नखाएको घटनाहरु प्रशस्तै देखिएका छन् ।

प्राकृतिकरुपमा हेर्दा मानिस एउटा जीवकारुपमा नै यस धर्तीमा उदाएको हो । वानर प्रजातिका होमोसापियन्सहरु आधुनिक मानवका पूर्खा मानिन्छन् । मानिस स्तनपायी जनावरमा पर्दछ । जीव जनावरमा जे जस्ता प्राकृतिक गुणहरु छन्, ती प्रकृतिप्रदत्त गुणहरुबाट मानिस अछुतो रहनसक्ने कुरा भएन । त्यसैले होला मानिसले समाजमा पटक-पटक अमानवीय लाग्ने हर्कत्हरु देखाई रहन्छ । कतिपय अवस्थामा त अझ पशुभन्दा पर पुगेर सोच्नै नसकिने अति निर्मम, क्रुर र दानवीय व्यवहार प्रकट गर्न पुग्दछ मानिस ।

पशु जनावरहरु निर्मम हुँदैनन् । त्यसैले होला यदाकदा बाघले आफुले फेला पारेको हरिणको दुधे पाठोलाई सुँघेर र सुम्सुम्याएर छाडेको देख्न पाईन्छ । यौनिकरुपमा पनि अधिकांश जनावरहरुको आफ्ना सिजन हुन्छन् यौनकर्म र प्रजननका लागि । मानिस यस्तो जनावर हो, जसलाई बाह्रैमास यौन चाहना पलाई रहन्छ । त्यसकारण मानिस बलात्कारी बन्न पुग्छ । उसले जसलाई बलात्कार गरिरहेछ, उसको उमेर पनि हेक्का राख्दैन । अझ बलात्कारपछि क्रुर हत्यासमेत् गर्न पुग्छ । यो सबै मान्छे भन्ने पशुले नै गर्दछ । त्यस्तो बलात्कारी मानिसलाई 'पशु' भनेर सम्बोधन गर्दा पनि पशु जनावरको अपमान हुन्छ । पशुहरु मानिसका जस्ता सञ्चार गर्ने क्षमता राख्दा हुन् त आफुहरुलाई पशु भनेकामा प्रतिरोध गर्दा हुन् ! किनभने पशु जनावरले बलात्कार र बलात्कार पछि हत्या पनि गर्दैनन् !

मानिसले नै हो आफुलाई मानिसको कोटीमा राखेको, सर्वश्रेष्ठ प्राणी ठानेको, अझ आफुलाई देवताको रुप पनि मानेको । मानिसलाई मानिस के ले बनाएको हो त ? मानिसलाई मानिस किन भनिएको हो त ? यतातिर घोत्लिनु वाञ्छनीय होला ।

मानिसले पहिलोपल्ट उच्चारण गरेको शब्दथियो (आ, ब्ब) । यो दश लाख बर्ष पहिले इथियोपियामा रहेका आस्ट्रलोपिथेसिन मानवहरुले प्रयोग गरेको मानिएको छ । हामी अहिले पनि नेपालीमा कसैलाई बोलाउन पर्दा शुरुमा 'ए...' अथवा 'ओ...' उच्चारण गर्दछौं । यस्तै रुसीमा 'आलो', स्पेनिसमा 'ओला' र अंग्रेजीमा 'हेलो' शब्दप्रयोग गरिन्छ ।

अंग्रेजीमा मानिसलाई 'ह्युमन' भनिन्छ । ऊ व्यक्ति हो ( दुई खुट्टामा उभिने, बोली भएको, तार्किक रउच्च बौद्धिक क्षमता भएको । शुरुमा मानिसहरुलाई होमो सापियन्स भनिन्थ्यो । तसर्थ यही 'होम' शब्दबाट 'ह्युमन' भएको भन्न सकिन्छ । तर ल्याटिन शब्द ह्युमनस (humanus) बाट फ्रेन्च शब्द ह्युमेन (humain) हुँदै अंग्रेजीमा जगभबलभु हुन आएको मानिन्छ । यसलाई होमोको 'हाईब्रीड' शब्द पनि मानिएको छ ।

यसरी बुझ्न सकिन्छ कि मानिसमा निहित 'हाई इन्टेलिजेन्स' र 'रिजनिङ' क्षमताका कारण मानिसले अरु सबै प्राणीहरु माथि शासन गरेको हो र आजको दिनसम्म आइपुगेको हो । मानिसको आफ्नो चेतनाको विकास र सामाजिक सांस्कृतिक मान्यता निर्माणको क्रममा मानिस स्वयंले के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने मानक स्थापित गरेको हो । यसरी नै समयको क्रममा उसका नैतिक मूल्य, मान्यता र मानवीय गुणहरु निखारिँदै आएका छन् । तर मानिस आर्थिक र भौतिक विकासको दाँजोमा नैतिक र मानवीयता विकासको पक्षमा भने धेरै पछाडि रहेको प्रतित हुन्छ । किनभने मानिसले आफैंले स्थापित गरेको आफ्ना नैतिक मानकलाई पटक-पटक उल्लंघन गरिरहेको छ । उसले, माथि नै उल्लेख गरी सकियो, कुनै पशु र जीव-जनावरले नगर्ने क्रुरता स्वयम् अर्को मानिस माथि नै पनि दोहोर्‍याई रहेको देखिन्छ ।

फेरि पनिप्रश्न छ मानिसलाई मानिस केले बनाउँछ ? जवाफ त सरल छ उसको नैतिक र सुसंस्कृत व्यवहारले । नैतिक व्यवहार मानिसको आधारभूत कुरा हो । तर नैतिक व्यवहार भनेको के हो ? यस भित्र के-के कुराहरु पर्दछन् ? मानिसका आधारभूत नैतिक मानकहरु हुन् (करुणा, क्षमा, सहयोग र सहानुभूति । स्वयं मानिस र जनावरहरुप्रति करुणा राख्नु, सहयोगी हुनु, विशेषगरी दुःखमा परेका र कमजोर अवस्था भएकाहरुप्रति । मानव समुदायका यी नैतिक मानकहरु संसारका सबै धर्म र सम्प्रदायका मानिसहरुका साझापन हुन् । तर फेरी धर्मका नाममा सबैभन्दा बढी द्वन्द्व हुँदै आएको छ । लडाईं-झगडा र काटमार हुँदै आएको छ यही मानव समाजमा !

मानव समाजलाई जीव-जनावर हरुको जातबाट भिन्न तुल्याउने अरु थप मानवीय विशेषता वा गुणहरुमा मानिसको बुद्धि-विवेक, भाषिक विशिष्टता, सञ्चार, सृजनशीलता र आध्यात्मिकता उत्तिकै महत्वपूर्ण तत्वहरु हुन्, जुन चिजहरु जीव-जनावरको संसारमा कल्पना गरिँदैन ।

## उपदेश दिने कि उदाहरण बन्ने ?

# आफ्ना नानीबाबुलाई भन्न सकौं, 'तिमी म जस्तै बन्नुपर्छ'



**✍अञ्जु भट्टराई**

महात्मा गान्धीसँगको एउटा घतलाग्दो किस्सा छ । एकदिन उनीकहाँ एउटी महिला आइन्, आफ्नो सानो छोरोलाई लिएर । महात्मा गान्धी आफैमा एक आर्दश थिए र मार्गदर्शक पनि । उनले गान्धी समक्ष अनुनय गरिन्, 'हेर्नुहोस्, मेरो छोरोलाई चिनीको अम्मल छ । उसलाई यो लतबाट कसरी छुटाउने होला ?'

तब गान्धीले शान्त भावमा भने, 'ठीक छ, यो समस्याको हल खोजौला । तर, मलाई पन्ध्र दिनको समय दिनुहोस् ।' गान्धीको अनुरोध मान्दै महिला घर फर्किइन् । पन्ध्र दिन बित्यो । उनी छोरोलाई डोहोर्‍याउँदै गान्धीकहाँ पुगिन् । महिलाले गान्धीजीसँग उही कुरा दोहोर्‍यान्, 'अब के गर्ने होला ?' गान्धीले महिलाका छोरोलाई प्रेमपूर्वक आफ्नो नजिक बोलाए । अनि संक्षिप्तमा भने, 'बाबु, चिनी धेरै खानु हुन्न । यसले स्वास्थ्यलाई राम्रो गर्दैन ।'

गान्धीको जवाफले ती महिला छक्क मात्र परिनन् क्रोधित पनि भइन् । आखिर यति भन्नका लागि गान्धीले किन पन्ध्र दिन कुराए । महिलाले अलि रिसाएको भावमा गान्धीसँग भने, 'यति नै कुरा भन्नु थियो भने किन पन्ध्र दिनसम्म कुराउनुभयो ?'

गान्धीले जवाफमा भने, 'त्यसबेला म स्वयम् चिनीको अम्मलमा थिएँ । यस पन्ध्र दिनभित्र मलाई चिनीको लतबाट मुक्त हुनका लागि थियो । मैले यो बाबुलाई चिनी छाड्नका लागि तबमात्र भन्न सक्छु कि, जब म आफै पनि चिनी छाड्न सकौं ।'

**उपदेश होइन उदाहरण बनौं**

अहिलेका आमाबुवाको साझा गुनासो छ, 'मेरो छोराछोरी मोबाइलमा लम्पट हुन्छन् । खाना खाँदा पनि मोबाइल, पढ्दा पनि मोबाइल । राती मोबाइल बिना सुत्नै सक्दैनन् । ट्वाइलेट जाँदा मोबाइल नभइ हुन्न ।' उनीहरुको प्रश्न उही हो, 'के यस्तो बानी हटाउने कुनै उपाय होला ?' यसको सर्वोत्तम उपाय हो, आफैलाई मोबाइलबाट मुक्त राख्ने । हामी के देख्छौं भने बुवाआमा सोफामा ढल्किएर मोबाइल चलाइरहेका हुन्छन् । अनि छोराछोरीलाई अर्ती दिइरहेका हुन्छन्, 'नानीबाबु हो, मोबाइलमा झुन्डिनु हुन्न है ।'

बोली र व्यवहारमा जब यस्तो विरोधाभास देखिन्छ, हाम्रा नानीबाबुको मनोविज्ञानमा त्यसको कस्तो असर रहला ?

एउटा सर्वव्यापी भनाई छ, 'घर नै बालबालिकाको पहिलो पाठशाला हो । आमाबुवा नै पहिलो शिक्षक(शिक्षिका हुन् ।' वास्तवमै बालबालिकाले आफ्ना बुवाआमालाई अनुसरण गरिरहेका हुन्छन् । बुवाआमा के गर्छन्, कसरी बोल्छन्, कस्तो व्यवहार गर्छन् ? यी सबै कुरालाई उनीहरुले पच्छ्याइरहेका हुन्छन् । यस्तो स्थितीमा बुवाआमाले बोलीबाट होइन आफ्नो व्यवहारबाट नानीबाबुलाई सही मार्गदर्शन दिन सक्छन् । विद्वानहरुले भनेका छन्, 'अरुलाई बदल्नका लागि जरुरी छ आफै बद्लिन ।'

**किन भन्न सक्दैनौं, 'तिमी म जस्तै बन्नुपर्छ'**

जब हाम्रा नानीबाबु सानै हुन्छन्, उनीहरुलाई लाग्छ रे, 'मेरो बुवाआमा संसारको सबैभन्दा जान्ने हुन् । शक्तिशाली हुन् । मायालु हुन् ।' त्यसबेला बुवाआमा नै उनीहरुका लागि सर्वोपरी हुन्छ, आदर्श हुन्छ । तर, जति जति नानीबाबुहरु हुर्किदै जान्छन् आमाबुवाको खोट देख्न थाल्छन् । बुवाआमाको कमी(कमजोरी केलाउन थाल्छन् । यो मोडमा आइपुगेपछि हामी आफैले पनि यसो भन्ने सामर्थ्य गुमाइसकेका हुन्छौं कि, 'छोरा तिमी म जस्तै बन्नु है । छोरी तिमीले मेरो बाटो पच्छ्याउनु है ।' बरु हामी त उनीहरुलाई भनिरहेका हुन्छौं, 'छोरा फलानो जस्तो बन्नुपर्छ ।' आखिर किन हामीले आफ्ना नानीबाबुलाई यसो भन्न सक्दैनौं कि, 'तिमी म जस्तै बन्नुपर्छ ।' किनभने हामीलाई आफ्ना छोराछोरीले यसो भनेको पटक्कै मन पर्दैन, 'म तपाईं जस्तै जड्याह बन्छु । तपाईं जस्तै धूर्त बन्छु । तपाईं जस्तै लोभी बन्छु । तपाईं जस्तै निर्दयी बन्छु । तपाईं जस्तै घुस्याहा बन्छु । तपाईं जस्तै व्यभिचारी बन्छु । तपाईं जस्तै चण्डाल बन्छु ।' हामी स्वयम् भ्रष्टचार गर्छौं भने छोराछोरीलाई भन्न सक्दैनौं कि, 'नानीबाबु तिमी पनि म जस्तै बन्नुपर्छ है ।'

हामी स्वयम् कामचोर छौं भने छोराछोरीलाई भन्न सक्दैनौं कि, 'नानीबाबु तिमीहरु म जस्तै हुनु है ।'किनकी हामी आफ्ना छोराछोरी सधैं सत्यवान् र कर्मठ देख्न चाहन्छौं । उनीहरु समृद्ध, प्रभावशाली र प्रखर देख्न चाहन्छौं । उनीहरु इमानदार, कर्तव्यनिष्ठा र कर्मयोगी देख्न चाहन्छौं । तर, हामीले आफ्ना बालबालिकलाई जस्तो देख्न चाहेका छौं, हामी आफैं चाहिँ त्यस्तो बन्ने प्रयासमा छौं वा छैनौं ? मनन गर्नैपर्ने प्रश्न हो ।

**रोल मोडल बन्ने कि ?**

कुनैदिन छोराछोरीलाई सोधौं, 'तिमी कस्तो बन्न चाहन्छौं ?' त्यसबेला छोराछोरीले भनुन्, 'तपाईं जस्तै ।' यतिबेला हाम्रो छाती गर्वले चौडा हुँदो हो । आफुले गरेको काम, आफुले प्राप्त गरेको यश, आफुले अंगालेको जीवन पद्धती धन्य लाग्दो हो । र, आफुलाई सार्थक ठान्दो हो ।

मेरो नानीबाबु म जस्तै सभ्य नागरिक बन्न चाहन्छन् । म जस्तै इमानमा जिउन चाहन्छन् । म जस्तै सत्यको आडमा उभिन चाहन्छन् । म जस्तै रचनात्मक क्षमता विकास गर्न चाहन्छन् । म जस्तै सबैप्रति प्रेमभाव जगाउन चाहन्छन् । म जस्तै दयालु बन्न चाहन्छन् । म जस्तै कर्मयोगी बन्न चाहन्छन् । म जस्तै सकारात्मक र उत्साहित बन्न चाहन्छन् ।

छोराछोरीले सानो छँदा हामीलाई जुन आँखाले हेर्छन्, जीवनभर त्यही दृष्टि कायम रहोस् । उनीहरुलाई सधैंभरी यस्तो लागोस्, 'मेरो बुवाआमा जस्तै जीवनलाई सार्थक बनाउन सकियोस् ।' खासमा आमाबुवा 'रोल मोडल' बन्न सक्नुपर्छ, आफ्ना छोराछोरीका लागि । रोल मोडल बन्नका लागि ठूलै काम गर्नुपर्छ भन्ने

...बाँकी पृष्ठ ३ मा

# "हामी मिलेर सँगै जानका लागि अन्तिम चरण पुगिसकेका छौँ"

मकवानपुर जिल्लाको स्वास्थ्य सेवाको क्षेत्रमा विगतमा भन्दा निक्कै सुधार भएको छ । जिल्ला अस्पतालको रुपमा रहेको हेटौँडा अस्पताललाई बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्दै लगेको छ भने निजी क्षेत्रका स्वास्थ्य संस्थाले पनि आफ्नो क्षमता विकास गर्दै गएको छ । यसैबीच सञ्चालनको नवौं वर्षमा प्रवेश गर्दै गर्दा हेटौँडा-११, थानाभर्याङस्थित चुरेहिल हस्पिटलले चितवन जिल्लास्थित चितवन मेडिकल कलेजसँग मर्ज भएर क्षमता विस्तारको योजना बनाउँदैछ । मेडिकल कलेजसँग मर्ज भएपछि चुरेहिल अस्पतालबाट अझ स्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अपेक्षासहित मकवानपुरवासीले सुखद् समाचारको रुपमा लिएका छन् । चुरेहिल हस्पिटल र चितवन मेडिकल कलेजबीच मर्जको विषयमा चुरेहिल हस्पिटलका प्रबन्धक नारायणलाल श्रेष्ठसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:



**नारायणलाल श्रेष्ठ**
**प्रबन्धक, चुरेहिल हस्पिटल**

*समाजः चुरेहिल हस्पिटल र चितवन मेडिकल कलेज (सिएमसी) सँग मर्ज हुने अवस्था कसरी आयो ?*
**श्रेष्ठ**: हाम्रो चुरेहिल हस्पिटलको व्यवस्थापन पक्षमा सुधारको आवश्यकता महसुस गर्‍यौं । हस्पिटललाई कसरी राम्रो बनाउन सकिन्छ भनेर हाम्रो भन्दा ठूला केही अस्पतालहरुसँग छलफल गर्‍यौं । अन्ततः चितवन मेडिकल कलेज र चुरेहिल हस्पिटल जोडिन पुग्यो । हामीले सुविधा सम्पन्न अस्पतालको कल्पना गरेका छौं । हामी हेटौंडाकै राम्रो सुविधासम्पन्न र व्यवस्थित अस्पताल बनाउने योजनामा छौं ।

*समाजः चुरेहिललाई नै नयाँ सुविधासम्पन्न अस्पताल बनाएर सञ्चालन गर्न खोज्नुभएको छ ?*
**श्रेष्ठ**: एउटा तहको व्यवस्थापनमा चुरेहिल हस्पिटल छँदैछ । चुरेहिलको नाम के रहने र सिएमसी कसरी अटाउने भन्ने विषयमा हामी निष्कर्षमा पुगेका छैनौं । हामी मर्ज गर्ने तयारीमा छौं ।

*समाजः यो मर्ज तपाईहरुको आवश्यकताले मात्रै हुन लागेको हो कि सिएमसी पनि हेटौंडामा सेवा विस्तार गर्न इच्छुक थियो ?*
**श्रेष्ठ**: यो दुइटै कुरा मिल्न खोज्छ । हाम्रो कुराले पनि सम्भव थिएन, उहाँहरुको कुराले मात्रै पनि सम्भव थिएन । तर हामी मिलेर सँगै जानका लागि अन्तिम चरण पुगिसकेका छौं । आउँदो भदै ७ गते पत्रकार सम्मेलन गर्दैछौं । सम्पूर्ण पत्रकार साथीहरुलाई बोलाएर त्यहाँ कस्ता-कस्ता सुविधाहरु दिन्छन्, अब हस्पिटल कसरी अघि बढ्छ । हस्पिटलको सम्पूर्ण कार्यलाई व्यवस्थित बनाएर अगाडि बढ्ने योजना छ ।

*समाजः यो ८/९ वर्ष तपाईहरुले सेवा प्रदान गर्नुभयो, अब हामी मकवानपुरको चुरेहिल अस्पताललाई कुन स्तरको अस्पतालमा सञ्चालन गर्नुपर्छ भन्ने तपाईहरुको बुझाई छ ?*
**श्रेष्ठ**: उद्देश्य त ठूलो लिएका थियौं । तर, विभिन्न कारणले गर्दा हामी त्यो स्तरमा पुग्न सकेनौं । सिएमसीसँग डाक्टरको कुनै कमि छैन । त्यो हिसाबले अबको दिनमा मकवानपुरमा डाक्टरहरुको कमी भएको कारणले गर्दा अस्पतालहरु नचल्ने अवस्था हुन्न । अब डाक्टरहरुको कमी हुने छैन, त्यसैले अस्पतालहरु चल्नेमा हामी ढुक्कले छौँ ।

*समाजः मकवानपुरको स्वास्थ्य सेवाको क्षेत्र एउटा हिसाबले विकसित हुँदैछ अथवा परिपक्वा हुँदैछ भनी बुझाउने गरी सम्झौता हुँदै हो ?*
**श्रेष्ठ**: आउने दिनमा चुरेहिल र सिएमसी मर्ज हुँदै गर्दा हिजोकै संरचनामा चल्ने हो भने किन आवश्यक रह्यो त ? त्यसैले यसलाई स्तरोन्नति गर्नुपर्छ । त्यसलाई विभिन्न डाक्टरहरुको सेवा, सुविधा दिनुपर्छ । यसैगरी न्युरो, मेडिसिन, अर्थोपेडिक र धेरै नै संकायहरु हाम्रो मकवानपुरमा जारी भइसकेको अवस्था छैन ।

*समाजः चुरेहिल अस्पतालमा वेडको हिसाबले र अरु थप कार्यक्रमहरु के-के रहने छ ?*
**श्रेष्ठ**: अहिले हामी २५ वेडमा छौं । अब हामी सय वेडमा ल्याउन समय लाग्छ । एउटा अस्पतालले २५ वेड लिएको ५/७ वर्ष पुगेपछि वेड थप्न पाइने रहेछ । अस्पताललाई अपग्रेड गर्न हामीसँग पुग्दो संरचना छ । त्यसैले हामी चाँडै सय वेडमा जान्छौं । सय वेडमा गइसकेपछि नर्सको आवश्यक हुन्छ । हामी नर्स पढाउने सहमति नै छौं ।

*समाजः तपाई चुरेहिल अस्पतालको प्रबन्धक रुपमा रहिरहनुहुँदा मकवानपुरका सेवाग्राहीलाई के भन्नु हुन्छ ?*
**श्रेष्ठ**: अब मकवानपुरबासी सामान्य चोटपटक, टाउकोमा चोट लाग्दा उपचारका लागि टाढा जानुपर्ने बाध्यताको आवश्य अन्त्य हुनेछ । सिएमसीले दिने सेवासुविधाहरु यहींबाट दिने भएको छ ।


# मकवानपुर बालविद्या सदन
## हेटौंडा-१८, खड्कुले


# खान पुगोस्, दिन पुगोसलाई सर्सर्ती नियाल्दा .....




✍ **सौरब बिडारी**

खान पुगोस् दिन पुगोस् पुस्तकका लेखक रविन्द्र मिश्र हुन् । यो पुस्तक एक निबन्धको संग्रह हो । सन् २०१२ मा प्रकाशित यो पुस्तकलाई नेपालयले प्रकाशन गरेको हो ।आवरण जे.एन.आर. को डिजाइन हो भने जगदम्बा प्रेसले यसलाई मुद्रण गरेको हो । पुस्तकमा २९३ पृष्ठ रहेको छ ।

यस पुस्तकमा समावेश गरिएका ५३ वटा रसिला निबन्धहरु लाई ४३ वटा परोपकार खण्ड र १० वटा राजनीति खण्ड गरी दुइ भागमा विभाजन गरिएको छ । निबन्धहरु मुख्यतः व्यवहारिक परोपकार र परोपकारी पत्रकारिताको विषयवस्तुहरुमा केन्द्रित छन् । पुस्तकले परोपकार र पत्रकारिताको अभ्यासमा नयाँ दृष्टिकोण प्रदान गर्छ ।

खान पुगोस् दिन पुगोस् पुस्तकको निबन्धहरु मध्ये "खान पुगोस् दिन पुगोस्" शिर्षकको निबन्धमा लेखकले समाज, सिकाई, भेदभाव, देशको अवस्था जस्ता कुराहरुको वर्णन गरेका छन् ।




समाज रुपान्तरण वा परिवर्तका लागि अनेकौं प्रयासहरु भएतापनि समाजले फड्को मार्न नसकेको लेखकले उल्लेख गरेका छन् । समाजमा हत्या, हिंसा, असुरक्षा बढ्दो छ र यो बढ्नुमा कसैको पनि दोष नभएको किनकि हामी सबैको मस्तिष्कमा नै ठुलो मान्छे भनेको धन सम्पत्ति भएको, धेरै पढेको भनेर छाप परेको कुरा लेखक व्यक्त गर्दछन् । यो समाज बिग्रेको जिम्मेवारी लिन कोही पनि अघि नबढेको र सबै जनालाई आफ्नो स्वार्थ मात्र रहेको कुरा प्रस्तुत गरिएको छ । कार्यक्रममा देश तथा समाज विकासका लागि ठुला भाषण दिने तर लगानी गरौं भन्दा सम्पन्न मानिस समेत पछि हट्ने कुरा लेखकले प्रस्तुत गरेका छन् । स्विडेन, फिनल्यान्ड जस्ता राष्ट्रहरुले अंश नहुनेहरुमा लगानी गर्छन् । अतः ति राष्ट्रहरु तुलनात्मकरुपमा बढि विकसित छन् ।

निष्कर्षमा भन्नुपर्दा यो पुस्तक प्रेरणादायी छ । यस पुस्तकले व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर देश र स्पमाजका लागि कल्याण गर्न प्रोत्साहन गर्दछ । लोककल्याणमा समर्पित हुनुपर्छ अनि मात्र समाज न्यायपूर्ण हुन्छ भन्ने शिक्षा यो पुस्तकले दिन्छ । सबैलाई सहयोग गरौं र चाडपर्वमा विकृति ननिम्त्याऔं भन्ने सन्देश पनि पुस्तकका माध्यमबाट लेखकले दिन चाहनुभएको छ । साथै लेखक भन्नुहुन्छ, गलत काम गर्‍यो भने धर्मको सट्टा पाप हुने गर्दछ । दिनानुदिन विकृत हुँदै गइरहेको हाम्रो सोच, हाम्रो विचार र संस्कृति प्रति लेखक बढि चिन्तित देखिनु हुन्छ। यदि हाम्रो सफलतालाई हामीले गरेको लोककल्याणकारी कामबाट मापनगर्न सक्यौं भने समाज रुपान्तरण हाम्रै पालामा सम्भव रहेको कुरा पनि लेखकले जोडदार रुपमा उठाउनु भएको छ ।

धेरै राम्रा विषयहरु हुँदाहुँदै पनि यस पुस्तकमा भएका केही जटिल शब्दहरुको कारण पाठककारुपमा मेरो अध्ययन सलल बग्न सकेन । मेरै उमेरका अन्यलाई पनि असहज हुनसक्छ । आगामी संस्करणहरुमा यो पुस्तक बालबालिकाको समेत पुस्तक बन्न सकोस् भन्ने अपेक्षा गरेको छु । समग्रमा यस पुस्तकबाट म निकै नै प्रभावित भएको छु । पठनमा रुचि भएका पाठकहरुलाई र समाज रुपान्तरणको हुटहुटी बोकेकाहरुलाई पनि एकपटक यो पुस्तक पढ्ने सुझाव दिन चाहन्छु ।

कक्षा - १०

## सुन तस्करी...

दिएको छ । बैठकमा मन्त्रिपरिषदको निर्णयका विषयमा सर्वोच्च अदालतले आदेश गर्नु उचित हो कि होइन भन्ने विषयमा छलफल भएको पाण्डेले बताए । 'नीतिगत निर्णयमा अदालतको फैसला उचित हो कि होइन भन्ने विषयमा व्यापक छलफल भयो, यसले अझै छलफलको माग गर्छ' उनले भने ।

बैठकमा नेता माधवकुमार नेपालले आफू युरोप गएका बेला अनर्गल प्रचारहरु गरिएको भन्दै असन्तुष्टि जनाएका थिए । सरकारले यस्तो विषयमा समयमै प्रष्ट पार्न नसक्दा समस्या भएको उनको तर्क थियो । 'मैले आखिरमा गरेको के हो र ? प्रचण्डजी प्रधानमन्त्री भएका बेला गुरुयोजनामा परेको कुरालाई लागु गर्न खोजेको मात्रै त हो' बैठकमा नेता नेपालको भनाइ उधृत गर्दै स्रोतले भन्यो, 'मैले बिराएको छैन, कानुनको शासनको खिलाफमा जाने कुरा हुँदैन । तर यसका पछाडि कुनै कुरा छ कि भनेर हेर्नुपर्ने भएको छ ।'

तर सोमबार छलफल गरेको कुनै पनि विषयमा टुंगोमा नपुगेको बताएको छ । बैठकपछि अनलाइनखबरसँग कुरा गर्दै माधव नेपालले भने, 'ललिता निवासको इस्यु, गौरकाण्ड, सुनकाण्ड, संसदको अवरोध सबै विषयमा कुरा निस्कियो । भिन्न भिन्न विचारहरु आए । कुनै निष्कर्षमा पुगेनौं ।' प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले पनि समसामियक राजनीतिका सबै विषयमा छलफल सुरु भएको तर निष्कर्षमा नपुगेको बताए । सोमबार सत्ता गठबन्धन बैठकअघि प्रचण्डले महान्याधिवक्ता दिनमणि पोखरेलसँग छुट्टै कुराकानी गरेका थिए ।

**बरामद सुन ६० केजी ७८९ ग्राम**

बरामद भएको सुन सोमबार जोखिएको छ । नेपाल राष्ट्र बैंकको टक्सार महाशाखाका प्रमुख थानेश्वर आचार्यका अनुसार ब्रेक शुबाट सुन छुट्ट्याएर जोख्दा ६० किलो ७८९ ग्राम भएको हो । जसको अहिलेको बजार मूल्य ५८ करोड ६७ हजार २०९ रूपैयाँ रहेको छ । राजस्व अनुसन्धान विभागले तीन साउनमा सिनामंगलबाट सुन सहितको १५५ किलो 'ब्रेक शु' बरामद गरेको थियो । मोटर साइकल र स्कुटरको ब्रेक शुभित्र लुकाएर सुन ल्याएको पाइएको थियो । त्यसबेला ब्रेक शु सहितको तौल लिइएको थियो । सीआईबी, राजस्व, नेपाल राष्ट्र बैंक र टक्सार कार्यालयका प्रतिनिधिको रोहबरमा सुन जोखिएको हो ।

*स्रोतः अनलाइनखबर ।*

## आफ्ना नानीबाबुलाई...

छैन । बरु त्यस्ता सामान्य कामहरु गर्न सकिन्छ, जो उनीहरुको जीवनमा सधै मार्गदर्शन बन्न सकोस् । हाम्रो जीवनशैली, हाम्रो बोली(वचन, हाम्रो कार्यकुशलता, हाम्रो सोंच(चिन्तन नै उनीहरुको लागि अनुकरणिय बनोस् ।

छोराछोरीको सबैभन्दा नजिकका मान्छे हुन् आफ्ना आमाबुवा । र, छोराछोरीलाई सबैभन्दा प्रभाव पार्नसक्ने व्यक्ति हुन् आफ्नो आमाबुवा । त्यसैले हामीले जे गर्छौं, जस्तो बोल्छौं, जे खान्छौं, जस्तो व्यवहार गर्छौं त्यो सबैको गहिरो प्रभाव उनीहरुको मस्तिष्कमा रहन्छ । उनीहरु पनि त्यस्तै हुन्छन्, बुवाआमा जस्तो छन् । तपाईं क्रोधी, लोभी, जिद्दी, कठोर, निर्दयी हुनुहुन्छ भने तपाईंले आफ्नो छोराछोरीलाई त्यस भन्दा विपरित पाउनुहुन्न । तर, तपाईं सधै खुसी हुनुहुन्छ, उत्साहित हुनुहुन्छ, उर्जावान हुनुहुन्छ भने छोराछोरीमा तपाईंको गुण आउँछ । त्यसैले तपाईं पक्का हुनुहुहोस् कि, मेरो छोराछोरी कस्तो बनाउने भन्दा म कस्तो बन्ने ? तपाईं जस्तो बन्नुहुन्छ, नानीबाबुहरु त्यस्तै बन्न चाहन्छन् ।

(साभार अनलाइन खबर । भट्टराई अक्षरा स्कुलकी कार्यकारी निर्देशक हुन् ।)

# वर्षा अझै केही दिनः नदी तटीय क्षेत्रमा सतर्कता अपनाउन अनुरोध

काठमाडौंः अविरल वर्षाले नदीमा पानीको बहाव बढ्ने भएकाले नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।

कोशी, नारायणी, कर्णाली, बबईको जलसतह सतर्कता तह आसपास रहेकाले तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको हो । महाकाली नदीको जलसतह खतरा आसपास रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

कन्काई, कमला, पूर्वी राप्ती, पश्चिम राप्ती तथा यसका सहायक नदीको बहाव सतर्कता तहभन्दा तलै र सामान्य अवस्थामा रहेका छन् । सोमबार पाँचथर, इलाम, झापा, संखुवासभा, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, कास्की, लमजुङ, म्याग्दी, बाजुरा, सुर्खेत, दैलेख, अछाम, कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, बझाङ, बैतडी, दार्चुला र आसपास भई बहने केही ससाना नदीको बहाव सामान्य रहने महाशाखाले पूर्वानुमान गरेको छ ।

**अझै केही दिन वर्षा हुने**

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार मनसुनी वर्षा अझै केही दिन जारी रहनेछ । महाशाखाका मौसमविद् रोजन लामिछानेले सोमबार र मंगलबार पनि बदली तथा वर्षा हुने बताए । 'आज र भोलि बदली र वर्षा हुनेछ, तथापि गत शनिबार र आइतबारको तुलनामा भने वर्षा कम हुने अनुमान गरिएको छ, सोमबार र मंगलबारको तुलनामा आगामी बुधबार वर्षा बढी हुनेछ', उनले भने ।

मंगलबार कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । रातिको समयमा कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोशी, मधेस र बागमती प्रदेशका एक–दुई स्थानमा भारी वर्षाकोसमेत सम्भावना रहेको छ । (स्रोतः रातोपाटी)


सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community


Government of Bagmati Province
Ministry of Health
## Health Logistics Management Center, Hetauda

**Invitation for Sealed Quotation**

***Date of publication: 2080/04/30 (15th August 2023)***

The Health Logistics Management Center invites electronic Sealed Quotation from eligible bidders for the procurement of **following goods under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.** Eligible Bidders may obtain further information at the office of Health Logistics Management Center,Hetauda, Nepal, Phone No: 977-057520547, e-mail address: info.hlmc@bagamati.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| IFB.No: | Description of Items | Quantity | Minimum Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|---|
| HLMC/G/SQ-01/2080-81 | Procurement of Dengue Test Kit | 5,350 | 30,000.00 | 1000.00 | 2080/07/27 (November 13 2023) |

Director

# जिल्ला खेलकुदद्वारा तेक्वान्दो खेलका सामग्री हस्तान्तरण




*खेल सामग्री हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः जिल्लामा तेक्वान्दो खेलको प्रवर्द्धन गर्ने उद्देश्यले मकवानपुर जिल्ला खेलकुद विकास समितिले मकवानपुर जिल्ला तेक्वान्दो संघलाई ५५ हजार रुपैयाँ बराबरको खेल सामग्री हस्तान्तरण गरेको छ । जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष भेष खड्गीले मकवानपुर जिल्ला तेक्वान्दो संघका अध्यक्ष लालकाजी रत्न बज्राचार्यलाई खेल सामग्री हस्तान्तरण गर्नुभएको हो ।

हेटौंडा-४, कर्रास्थित तेक्वान्डो संघको कभर्डहलमा एक कार्यक्रमका बीच शनिबार खेल सामग्री हस्तान्तरण गरिएको हो । खेलकुद विकास समितिले २ थान डमी, हेड गार्ड र किकिङ् प्याड लगायतका सामानहरु हस्तान्तरण गरेको तेक्वान्दो संघ मकवानपुरले जनाएको छ । खेल सामग्री हस्तान्तरण कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला र सदस्य आलोक स्याङ्तान र जिल्ला तेक्वान्दो संघका कार्यसमितिका पदाधिकारीको पनि सहभागिता रहेको थियो ।

खेल सामग्री प्राप्त गरेपछि मकवानपुर तेक्वान्दो संघले जिल्लाभरिबाट खेलाडीहरु छनोटका लागि तेक्वान्दो खेल क्याम्प गर्ने कार्यक्रम रहेको अध्यक्ष लालकाजी रत्न बज्राचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार यस्तो क्याम्प भाद्र महिनामा विभिन्न नगरपालिका र गाउँपालिकामा आयोजना गरिने छ ।

# बागमती खोलामा शव फेला

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका-८, माण्डु नजिकै बागमती खोलामा शव फेला परेको छ । सोमबार बिहान ७ बजेको समयमा अन्दाजी ३५ वर्षीय पुरुषको शव बरामद भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । शवको परिचय खुल्न सकेको छैन ।

एक साताअघि पनि १७ वर्षीया किशोरीको शव माण्डु नजिकै बागमती खोलामा फेला परेको थियो । एक साताअघि फेला परेको शवको पनि परिचय खुल्न सकेको छैन ।

# तेक्वान्दोका खेलाडीलाई बन्द प्रशिक्षणमा राखिने

समाज संवाददाता

हेटौँडाः १४ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई मध्यनजर गर्दै मकवानपुर जिल्लाका तेक्वान्दो खेलाडीहरु छनोट गरी बन्द प्रशिक्षणमा राखिने भएको छ । आगामी भदौ १ र २ गते हेटौँडा-४, कर्रास्थित कभर्ड हलमा मकवानपुर जिल्लाभरका उत्कृष्ट खेलाडी छनोट गरी बन्द प्रशिक्षणमा राखिने मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख तथा तेक्वान्दो प्रशिक्षक माधव कोइरालाले जानकारी दिनुभयो ।

मकवानपुर जिल्लाबाट ३ महिनादेखि ६ महिनाको हाराहारीमा उत्कृष्ट खेलाडीहरु छनोट गरी बन्द प्रशिक्षणमा राख्न लागिएको कार्यालय प्रमुख कोइरालाले बताउनुभयो । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि मकवानपुर जिल्लाबाट करिब ४ सय जना खेलाडीहरुको सहभागिता रहने र त्यसमध्ये उत्कृष्ट ४० जना खेलाडीहरुलाई छनोट गरी बन्द प्रशिक्षणमा राखिने कोइरालाको भनाइ छ । बन्द प्रशिक्षणमा सहभागी खेलाडीहरुलाई जिल्ला तेक्वान्दो कार्यसमितिको नेतृत्वमा फिजिकल, स्टामिना, प्याडिङ, रनिङ, रिल्याक्स, फाइटिङ, पुम्से तालिम दिन लागेको कार्यालय प्रमुख कोइरालाले बताउनुभयो ।

# पहिरोले रोकियो साग

समाज संवाददाता

हेटौँडाः अविरल वर्षाले विभिन्न सडकहरु अवरुद्ध भएपछि हेटौँडाको तरकारी बजारमा सोमबार किसानले साग ल्याउन सकेनन् । यो वर्ष सडक अवरुद्ध भएकै कारण थोक बजारमा साग नआएको पहिलो घटना हो । मकवानपुरको भीमफेदी गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, थाहा नगरपालिकाबाट रायोको साग, फर्सी र स्कुसको मुन्टा हेटौँडाको थोक बजारमा किसानले ल्याउने गरेका छन् ।

# अनुगमन प्रतिवेदन सार्वजनिक

समाज संवाददाता

हेटौँडाः अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि २००६ को बागमती प्रदेशमा कार्यान्वयन अनुगमन प्रतिवेदन सार्वजनिक भएको छ । सोमबार राष्ट्रिय अपाङ्ग महासंघको बागमती प्रदेश कार्यालयको आयोजनामा एक कार्यक्रममार्फत् प्रतिवेदन सार्वजनिक भएको हो ।

राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश समितिका अध्यक्ष अस्मिन लम्सालको सभाध्यक्ष तथा बागमती प्रदेश सरकारको सामान्य प्रशासन तथा उद्योगमन्त्री रामकृष्ण चित्रकारको प्रमुख आतिथ्यमा सोमबार कार्यक्रम भएको हो । मन्त्री चित्रकारले संघीयतामा गए पनि कानुन निर्माण र कार्यान्वयन गर्न नसकिएको बताउनुभयो ।

कानुनी समस्या समाधानका लागि मन्त्रालय सकारात्मक रहेको उहाँले बताउनुभयो । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि २००६ को बागमती प्रदेशमा कार्यान्वयन अनुगमन प्रतिवेदनबारे अपाङ्गता विज्ञ सहजकर्ता मनिष प्रसाईले सहजीकरण गर्नुभयो । उहाँले सामाजिक विकास मन्त्रालयमा साँकेतिक भाषा दोभासेलगायतको व्यवस्था रहेको बताउनुभयो ।

# बालश्रममुक्त स्थानीय तह घोषणा गर्न १०४ तहले पाए अनुदान

काठमाडौंः संघीय सरकारले बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न १०४ वटा स्थानीय तहलाई अनुदान वितरण गरेको छ । चालु आर्थिक वर्ष (आव) २०८०/८१ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यस्तो कार्यक्रमका लागि बजेट राखेको थियो ।

कार्यक्रम कार्यान्वयन भने स्थानीय सरकारमार्फत हुँदैछ । मन्त्रालयका अनुसार यो अभियान अन्तर्गत १ सय वटा स्थानीय तहलाई बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने लक्ष्य रहेको छ । यो प्रयोजनका लागि चालु आवमा २ करोड ९९ लाख ७० हजार रुपैयाँ बजेट विनियोजन भएको छ । मन्त्रालयले प्रतिस्थानीय तह ३ लाख रुपैयाँका दरले अनुदान दिएको बताएको छ । चालु आवमा थप स्थानीय तहले यो अभियान चलाउन चाहेमा समेत सरकारले अनुदानको व्यवस्था गर्ने भएको छ । यसका लागि ६० दिन भित्र प्रस्ताव पेश गर्न सक्ने समेत मन्त्रालयको भनाइ छ । कोशी प्रदेशदेखि सुदूरपश्चिमसम्मका १०४ स्थानीय तहले भने यस वर्ष बजेट पाएका छन् ।

# अनिता देवी भइन् संघीय मामिला मन्त्री

काठमाडौंः जनमत पार्टीकी सांसद अनिता देवी साहले मन्त्री पदको शपथग्रहण गरेकी छन् । उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले शितल निवासमा शपथ ग्रहण गराएका हुन् । उनलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

शपथग्रहण समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेश प्रसाद तिमिल्सिना लगायत सहभागी थिए । यसअघि सामान्य प्रशासन मन्त्री माओवादी केन्द्रका अमनलाल मोदी थिए । जनमत पार्टीलाई सरकारमा सहभागी गराउन मोदीलाई माओवादी केन्द्रले आइतबार सरकारबाट फिर्ता बोलाएको थियो ।

यसअघि पनि जनमत एक मन्त्रीसहित सरकारमा सहभागी भएको थियो । जनमतका अब्दुल खानलाई प्रधानमन्त्री प्रचण्डले खानेपानी मन्त्रालयको जिम्मेवारी दिएका थिए । तर चित्तबुझ्दो मन्त्रालय नपाएको भन्दै जनमत सरकारबाट बाहिरिएको थियो । स्रोतः अनलाइनखबर ।

# एमालेको प्रदेश अधिवेशन असोजभित्रै

काठमाडौंः नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमालेले आफ्नो प्रदेशस्तरको अधिवेशन असोज महिना भित्रै गर्ने भएको छ । एमालेले सोमबार पार्टी सचिवालय वैठकबाट असोज मसान्त भित्रै सबै प्रदेशका अधिवेशनहरु सक्ने गरी मिति तय गरेको हो ।

सचिवालयका अनुसार भदौ १६ र १७ गते लुम्बिनी प्रदेशमा, असोज ५ र ६ गते मधेश प्रदेशमा, असोज ८ र ९ गते बागमती प्रदेशमा अधिवेशन तोकिएको छ । त्यसैगरी असोज १० र ११ गते कर्णाली प्रदेशमा, १२ र १३ गते कोशी प्रदेशमा, १५ र १६ गते गण्डकी प्रदेशमा, असोज १९ र २० गते उपत्यका विशेष प्रदेशमा र असोज २१ र २२ गते सुदूर पश्चिम प्रदेशमा अधिवेशन गर्ने निर्णय भएको उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनु भएको छ । स्रोतः अनलाइनखबर ।

# शिक्षा विधेयकमा हिस्टुनको पनि विरोध

समाज संवाददाता

हेटौँडाः संघीय संसदमा पेश भएको विद्यालय शिक्षा विधेयकमा माध्यमिक विद्यालय शिक्षक युनियन नेपाल (हिस्टुन) मकवानपुरले पनि विरोध गरेको छ । यसअघि संस्थागत विद्यालय सञ्चालक, कार्यरत शिक्षक, अभिभावकले पनि शिक्षा विधेयकको विरोध गरेका थिए । हिस्टुन मकवानपुरले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै सबैखाले शिक्षकको मुद्दा उठाउनुपर्ने शिक्षक महासंघले पनि हिस्टुनको विषयलाई नसमेटेको भन्दै दुख व्यक्त गरेको छ ।

हिस्टुन मकवानपुरका अध्यक्ष रमेश रिजालले साविक मावि तहका राहत शिक्षक समान नै शिक्षक महासंघले साविक उच्च माविका राहत शिक्षकको हितमा बोल्नुपर्ने बताउनुभयो । देशभर कार्यरत ६ हजार भन्दा बढी संख्याका साविक उच्च मावि तहका शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाका आधारमा स्थायी नियुक्त गर्ने व्यवस्था विधेयकमा समावेश गर्नुपर्ने रिजालको भनाइ छ ।

उच्च माविको राहत दरबन्दीमा कार्यरत शिक्षकले एक दशकभन्दा बढी समयदेखि सार्वजनिक शिक्षामा योगदान दिँदै आए पनि अझै सामाजिक सुरक्षा कार्यक्रम समावेश हुन नसक्नु दुखद् भएको उहाँको भनाइ छ ।

सरकारले कक्षा १२ सम्म विद्यालय तहको शिक्षा भनेर समावेश गरिसक्दा शिक्षक महासंघले साविक उच्च मावि तहका शिक्षकलाई अस्वीकार गरेजस्तो देखिनु दुखद् भएको रिजालको गुनासो छ ।

# डुरान्ड कपमा आर्मीको हार

काठमाडौंः त्रिभुवन आर्मी फुटबल क्लब भारतको डुरान्ड कपको आफ्नो दोस्रो खेलमा पराजित भएको छ । कोक्राझार साइ सेन्टर रंगशालामा सोमबार भएको खेलमा आर्मी चेन्नई फुटबल क्लबसँग ३-० ले पराजित भएको हो ।

पहिलो खेलमा आर्मी दिल्ली फुटबल क्लब सँग १-१ को बराबरीमा रोकिएको थियो । चेन्नईको जितमा फारख चौधरी, रहिम अली र मोहम्मद रफिकले गोल गरेका थिए । २२ औं मिनेटमा फारखको गोलबाट चेन्नईले अग्रता लिएको थियो । ३८ औं मिनेटमा रहिम पेनाल्टीम गोल गर्दा चेन्नई पहिलो हाफमा २-० ले अगाडि रह्यो । ८३ औं मिनेटमा मोहम्मदले गोल गरेपछि चेन्नईको जित सहज रह्यो ।

दुई खेलमा पहिलो हार बेहोरेको आर्मी समूह इको पुछारमा छ र टोलीको एक अंक छ । दुवै खेल जितेको चेन्नई ६ अंकसहित अन्तिम आठमा पुगेको छ । पहिलो खेलमा चेन्नईले हैदराबाद फुटबल क्लबलाई ३-१ ले हराएको थियो । आर्मीले समूह चरणको अन्तिम खेल भदौ ५ गते हैदराबादसँग खेल्नेछ । दिल्लीको २ र हैदारबादको १ अंक छ । समूहमा अब चेन्नई र दिल्ली तथा आर्मी र हैदराबादबीच प्रतिस्पर्धा हुनेछ ।

आर्मीले अन्तिम खेल जितेमा र चेन्नईसँग दिल्ली बराबरमा रोकिए वा हारेको अवस्थामा आर्मी उत्कृष्ट उपविजेताका रुपमा अन्तिम आठमा पुग्ने सम्भावना रहन्छ । स्रोतः हाम्रो खेलकुद ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## लम्पी स्कीनबारे सचेतनामुलक सूचना

**रोग सर्ने तरिका**

यो रोग खास गरी arthropod vector बाट सर्ने गर्दछ ।
संक्रमित प्रजनन योग्य सांढेको विर्यबाट पनि यो रोग सर्न सक्दछ ।
संक्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट पनि यो रोग सर्न सक्छ ।

**लक्षणहरू**

ज्वरो आउने (४१ डिग्री सेन्टीग्रेड भन्दा माथि)
झोक्राउने, दाना पानी नखाने तथा दुब्लाउने
दुहुनो गाई भैंसीको दूध २५ देखी ८० प्रतिशतले घटन सक्ने,
सतही लिम्फ ग्रन्थी ठुलो हुने,
शरीरका विभिन्न भागहरु जस्तै घाँटी, खुट्टा, फाँचो, यौन अगंहरु वरपर र छालाको विभिन्न भागमा गिर्खा बन्ने
खुट्टा सुनिने र खुट्टाको गिर्खाले गर्दा पशुहरु हिँडडुल गर्न गाह्रो हुने
उपचार, रोकथाम, नियन्त्रण

**यस रोगको कुनै ठोस उपचार छैन । प्रविधिकको सल्लाहमा लक्षण अनुसार औषधीहरू** (antibiotic, antipyretic, and anti inflamatory) **दिन सकिन्छ ।**

नेपालमा हालसम्म यस रोगको विरुद्धको खोप प्रयोग गरिएको छैन ।
रोगको लक्षण देखिएको खण्डमा पशु चिकित्सक, प्रविधिकहरुसँग तुरुन्त परामर्श लिने ।
यस रोगको रोकथामको लागि रोगी पशुहरुको आवत जावत र ओसारपसारमा रोक लगाउने रोगी पशुहरुलाई अलग राखी उपचार गर्ने
रोग सार्ने लामखुट्टे, भाले किर्ना तथा झिंगा आदिको नियन्त्रण गर्ने ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**हेटौंडा नेपाल**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## स्वादिष्ट नेवारी खाजा



अब
होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत

**सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ